यस गाउँपालिकाका उपाध्यक्ष ज्यू,
गाउँ सभाका सदस्य ज्यूहरु,

**श्री चम्पादेवी हाम्रो शान "समृद्धिका लागि पूर्वाधार, पर्यटन र कृषि विकास हाम्रो अभियान"** भन्ने नाराका साथ यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै प्रजातन्त्र, गणतन्त्र स्थापना तथा विभिन्न राजनीतिक परिवर्तन साथै संघीयता कार्यन्वयनका लागि महत्वपूर्ण भुमिका खेल्नुहुने सवै राजनीतिक अग्रजहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु। यसै गरि विभिन्न आन्दोलनको क्रममा बेपत्ता हुनु भएका आम वीरवीरंगनाहरुलाई यस गाउँसभाबाट स्मरण गर्न चाहान्छु।

सुन्दर, समुन्नत र समृद्ध चम्पादेवी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

## नीति तथा कार्यक्रमका प्राथमिकताहरु :

- पालिका भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभुत मानविय आवश्यकता परिपुर्ति गर्ने र त्यस्ता क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने।
- विभिन्न कारणले आय आर्जन गुमाएकाहरुलाई नयाँ रोजगारीको सिर्जना गर्ने ।
- उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत र साना तथा मझौला उधोगका क्षेत्रमा पुँजी परिचालन गर्ने।
- सुशासन, पारदर्शिता भन्ने अभिप्रायका साथ आम पालिका बासीलाई छिटो छरितो गुणस्तरीय र परिणाममुखी सेवा प्रदान गर्ने।
- जलवायु अनुकुलन पर्यावरणीय संरक्षण र विपत व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी कार्यहरु गर्ने।
- लैंगिक समानता र सामाजिक सुरक्षा कायम गर्ने

- स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचनलाई कायम राख्दै गाउँपालिकालाई उत्कृष्ट रुपमा स्थापित गर्ने ,
- साँस्कृतिक भौतिक पर्यटन शैक्षिक तथा कृषि वन वातावरण क्षेत्रको विकासका लागि सम्वद्द सवै पक्ष सगँ भगिनी सम्बन्ध राखिनेछ ।

**विद्यमान परिवेश**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपाल जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विद्यमान अवसरहरूः**

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- प्राकृतिक रुपले मनोरम र सम्पदाले भरिपूर्ण गाउँपालिका भएकोले पर्यटकीय संभावन रहनु

- वन, वन्यजन्तु तथा वडीबुटीको व्यवसायिक उत्पादन तथा बजार व्यवस्थापनले गाउँपालिकाको आर्थिक अवस्था सुदृढ बनाउन टेवा पुग्नु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
- घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरूः**

- रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा,बालुवा गिट्टी) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

- गाउँपालिकाको आन्तरीक आयलाई बृद्धि गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ तथा प्रदेशबाट जारी भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधी, परिपत्र तथा विभिन्न समयमा प्राप्त निर्देशनहरु, गाउँसभाबाट पारीत भएका विभिन्न ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका, चम्पादेवी गाउँपालिकाको आवधिक योजना २०८०, जनप्रतिनिधिहरुको हैसियतले विभिन्न कार्यक्रम तथा स्थानहरुमा व्यक्त गरेका प्रतिवद्धता, नागरिक समाजको छलफल देखी वडा स्तर हुदै बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका चरणहरुमा भएका छलफल, विभिन्न संघ सस्था र निजी क्षेत्र, साथै राजनितिक अग्रजहरुबाट प्राप्त सुझाव तथा गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुलाई मूख्य आधारको रुपमा लिएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्दै प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने तथा आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने र जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता कायम राख्ने हो भने स्वच्छतायुक्त गाउँपालिकाको परिकल्पना सुनिश्चित हुनेछ।

## हालसम्मका प्रमुख उपलब्धीहरू

- गाउँपालिकाको चक्रपथ र मुख्य सडक निर्माणलाइ तिव्र गतिमा संचालन गर्दै आइरहेका छौं । जस अनुरुप सिलुङ साइदुवा फताने बारी सडक सुचारु गरिनुको साथै रानीवन मोहोरिया डाँडागाउँ विलन्दु खण्ड ट्र्याक खोल्ने कार्य सम्पन्न भई यातायात सुचारु समेत भइसकेको छ । यसरी गाउँपालिकाले निर्माण गरेको चक्रपथको कुल लम्वाइ करिब ७२ कि.मि र वडा न. १ देखी १० वटै वडाहरुको मुख्य मुख्य नाकाहरु समिटिएको छ ।
- साँघुटार रानीवन घोराखोरी कोष-हाट सडक खण्डलाई कालोपत्रे गरि जिल्ला सडक संजाल सँग जोड्ने कार्यका लागि सघिंय सरकारसँग अनुरोध भए बमोजिम सो कालोपत्रे गर्ने कार्य भइरहेको छ ।
- नवलपुरघाट पलापु भन्ज्याङ्ग, गाउँपालिका केन्द्र सुन्दरपुर, फलाटे भन्ज्याङ्ग कोष-हाट ककनी सडक खण्डको स्तरउन्नती गरी नियमित सार्वजनिक बस सुचारु समेत भइसकेको छ । सो सडकबाट आन्तरिक तथा बाह्य पर्यटकहरुको सहज आवतजावतका लागि नवलपुर घाटको सुनकोशी नदीमा समेत पक्कि पुलको निर्माण कार्य भई यातायात आवातजावत भैरहेको छ ।
- घोराखोरी विलन्दु श्रीचौर सडकको स्तर उन्नति कार्य तिव्र गतिमा भइरहेको छ ।

- यस गाउँपालिका भित्र रहेको मुख्य सडक मार्गहरुलाई फराकिलो चौडा बनाई स्तरोन्नती गर्ने काम भईरहेको छ ।
- सुन्दरपुर, चिप्लिङ्ग जल्किनि हुदै घोराखोरी विलन्दु जोडने सडक सूचारु गरिएको छ । साथै सुन्दरपुर, भाँगे, चित्रे, आत्मारा, फेदीगुठ जोडने सडक निर्माण भई यातायात सुचारु गरिएको छ ।
- पालिका कै अति विकट वस्ती ब्रोपाटारलाई सडक सञ्जाल सँग जोडी यातायात सुचारु गरिएको छ ।
- गाउँपालिका कै प्रथम धार्मिक तथा पर्यटकीय क्षेत्र श्री चम्पादेवी ककनी मन्दिरको पूर्वधार विकास गरी दर्शन गर्न आउने धर्मावलम्बीहरुलाई सहज बनाइएको छ ।
- सवै विकास निर्माणलाई बैज्ञानिक र दिगो बनाउन भिलेज प्रोफाइल र आवधिक योजनाको निर्माण गरिएको छ ।
- साना सिचाँइ कार्यक्रम SIP सँग साझेदारी गरि यस गाउपालिका क्षेत्र भित्रका उत्पादनशिल भुमिहरुलाइ सिँचित गराउन दशै वडाका योजनाहरुलाइ प्राथमिकिकरण गरि दर्जनौ योजना सम्पन्न भइसकेका छन भने साना सिचाई कार्यक्रम (SIP) लाई आगामी आ.व. मा समेत साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- चैत्य, गुम्वा तथा मठमन्दिरहरुको निर्माण, स्तर उन्नति एंव प्रवर्द्धन गरिएको छ ।
- विभिन्न वडाहरुमा युवा क्लव भवन, प्रतिक्षालय तथा युवा खेलकुद मैदान निर्माण गरिएको छ ।
- सामुदायिक भवन निर्माणको कामलाई क्रमशः अगाडि बढाइएको छ ।
- गाउँपालिका क्षेत्र भरी हुने विकास निर्माणका कार्यलाई सहज बनाउन व्याकहुइलोडरको व्यवस्थापन गरिएको छ ।
- विकास निर्माणको कामलाई गुणस्तरीय, प्रभावकारी, मितव्ययी बनाउन अनुगमनको पाटोलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।
- पोखरी भन्ज्याङ्गमा पोखरी तथा हात्तीको प्रतिमा निर्माण गरि आन्तरिक तथा बाह्य पर्यटनको लागि आकर्षक र नमुना कार्य सम्पन्न गरिएको छ ।
- प्राय दश वटै वडामा प्रशासनिक भवन निर्माण गरि सेवा संचालन गरिएको छ ।
- निकट भविष्यमा नै वडाका सवै घरहरुमा संचालन हुने गरि वडा नं १, २ र १० मा केन्द्रिय प्रशासरण लाइन विस्तार कार्य सम्पन्न भएको छ भने अन्य वडाहरुमा आगमी बर्ष भित्र केन्द्रिय प्रसारण लाइन विस्तार हुने गरी टेण्डर भई कार्य भैरहेको छ ।
- सडक बत्तिको अवधारणालाई उत्साहजनक तवरले लिइ सो योजना संचालनको काम भैरहेको छ ।
- एक वार्ड एक खेलकुद मैदान कार्यक्रम अनुसार खेलकुद मैदानहरु निर्माण भइरहेका छन । गणेशमान सिंह खेलकुद मैदान पुनटार र श्री चम्पादेवी रंगशाला डल्लिडाँडा, भागे खेलकुद मैदान निर्माण गरिएको छ ।
- स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मुल नाराका साथ चम्पादेवी गाउँपालिकाले अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन गरी यस गाउँपालिकालाई राष्ट्रिय स्तरमै पहिचान गराउने कार्य सम्पन्न गरिएको छ ।

- गाउँपालिका भित्रका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा आवश्यक शिक्षक व्यवस्थापन गरी पठनपाठनलाई व्यवस्थीत बनाइएको छ साथै प्राथमिक विद्यालयहरुमा पूर्वाधार विकास तथा बालविकास कक्षालाई व्यवस्थित गरिदै लगिएको छ ।
- विधालयमा कार्यरत लेखा कर्मचारी, बालविकास र कार्यालय सहयोगीहरुलाई संघीय सरकारबाट प्राप्त सुविधामा थप गरिएको छ ।
- शिक्षकहरुको तथ्याङक संकलन गरि व्यवस्थित गर्ने प्रक्रियालाई अवलम्बन गर्दै आइएको छ भने आवश्यकताको आधारमा विद्यालयहरुलाई अपग्रेडिङ गर्दै विद्यालयहरुलाई E-MIS प्रणालीमा जोडिएको छ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलापहरु संचालन गरिदै आएको छ भने बाल दिवस, शिक्षा दिवस कार्यक्रमहरु भव्य र सभ्य रुपमा गरिदै आएको छ ।
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन संगसँगै प्राविधिक शिक्षाको आवश्यकतालाई मध्यनजर गर्दै प्राविधिक शिक्षाको समेत व्यवस्था गरिएको छ ।
- गाउँपालिकाले आफ्नै शैक्षिक कार्यपात्रो तयार पारी लागु गरेको छ ।
- गाउँपालिकाले नमूना विद्यालय घोषणा गरी सो कार्यको समेत कार्यान्वयन गरिरहेको छ ।
- शिक्षण संस्थामा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने विषयमा देखिएको जटिलताको स्थायी समाधानका लागि शिक्षा ऐनको व्यवस्था मार्फत स्थायी विकल्पको खोजी गरी दिर्घकालिन समाधानको बाटो अवलम्बन गरिएको छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई मध्यनजर गर्दे चालु आ.ब. मा औषधी तथा उपचारको अभाव हुन नदिन आवश्यक औषधी व्यवस्थापन गरि निशुल्क रुपमा वितरण गरिदै आएको छ ।
- गाँउपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था नभएका वडाहरुमा आम नागरिकलाई गुणस्तरीय, भरपर्दो र नियमित स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ वडा नं. २, ५,७ र ८ मा संचालन भएका सामुदायिक स्वास्थ्य इकाईहरुलाई व्यवस्थीत गर्ने उदेश्यले पक्की भवनको व्यवस्थापन गरिएको छ । भने वडा नं. ९ को विकट भुगोल डल्लीडाँडा, वडा नं २ को नवलपुरघाट, वडा नं. ३ को सिल्खु वेसी, वडा ५ को आत्मारा, वडा ४ को सिलुङ, वडा नं. ६ को डाडागाँउ र वडा नं. ८ को धुसेनीमा सामुदायिक स्वास्थ्य इकाई संचालन गरिएको छ ।
- आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन तथा अन्य स्वास्थ्य सामग्रीको उचित व्यवस्थापन गरि सेवा प्रवाह गरिदै आएको छ ।
- प्रजनन स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै मातृ तथा शिशु मृत्युदरलाई कम गर्न यस गाउँपालिका क्षेत्रभित्र रहेका बर्थिङ सेन्टर/प्रसुति गृहमा आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरिएको छ ।
- महिला स्वास्थ्य स्वयमसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण भुमिकाको कदर गर्दै प्रोत्साहन भत्तामा नियमित गरिएको छ तथा उमेर हदका कारण अवकाश पाएका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान स्वरुप दिइने रकम समेत नियमित गरिएको छ । साथै सो क्षेत्रमा लाग्ने अन्य स्वयम् सेविकाहरुलाई निरन्तर लाग्न प्रोत्साहित गरिएको छ ।
- गाउँपालिका बासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक स्वास्थ्य कर्मीहरुलाई उचित तालिमको व्यवस्था गरिएको छ ।

- एम्बुलेन्स सेवा मार्फत यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुलाई सेवा विस्तार गर्दै आएको छ भने सवै स्वास्थ्य संस्थाहरुमा सुत्केरी केन्द्र स्थापना गरि सहज व्यवस्थापन गरिदै आएको छ ।
- आवश्यक किटनाशक तथा पशुपन्छिको औषधी व्यवस्थापन गरि विभिन्न खाले खाद्य बाली तथा पशुपन्छिहरुमा लाग्ने रोगलाई न्यूनिकरण गर्न उल्लेखिय सहयोग प्रदान गर्दै आएको छ ।
- गाँउपालिकाको भौगोलिक अवस्थितिलाई हेरेर पकेट क्षेत्र विस्तार गर्ने क्रममा आलु पकेट क्षेत्र, धान पकेट क्षेत्र, फलफूल पकेट क्षेत्र तथा मसलाबाली पकेट क्षेत्र विस्तार गरिदै आएको छ ।
- बेरोजगार युवाहरुलाई स्वरोजगार तर्फ अग्रसर गराउन युवा लक्षित कार्यक्रम संचालन गरिदै आएको छ ।
- व्यवसायिक फर्म स्थापना तर्फ बाखा फार्म, बंगुर, माछा तथा कुखुरा फार्मलाई व्यवस्थीत गर्न अनुदानको व्यवस्था गरीदै आएको छ ।
- कृषकहरुको हितलाई सर्वोपरी ठान्दै अनुदानमा विउ बिजन तथा विभिन्न जातका बोट विरुवाहरु उपलब्ध गराईएको छ ।
- चम्पादेवी गाउँपालिका क्षेत्रभित्रको दिगो र व्यवस्थित विकासका लागि वृहत परियोजना प्रतिवेदन/डि.पि.आर तयार गरी सोही अनुसार विकास निर्माणलाई कार्यान्वयन गरिदैं लगिएको छ ।
- गाउँपालिकामा स्थापना भएको विपद व्यवस्थापन कोषबाट प्रकोप पिडीत घरपरिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्ने कार्य गरिएको छ ।
- जेष्ठ नागरिक सम्मान, परिचय पत्र वितरण तथा घुम्ती शिविर कार्यक्रम संचालन गरिदै आइएको छ ।
- वाल विवाह न्यूनिकरणका लागी जनचेतनामूलक कार्यक्रम संचालन, लैंगिक हिंसा छुवाछुत तथा मानव बेचबिखन विरुद्ध जनचेतनामूक कार्यक्रम संचालन, अपाङ्गता भएको व्यक्तिहरुको पहिचान गरि अपाङ्ग परिचय पत्र स्थानीय स्तरमै वितरण, महिला बालबालिका जेष्ठ नागरिक सँग सम्बन्धीत कार्यक्रमहरु संचालन, बाल दिवस, बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रम सम्पन्न गरिएको छ ।
- लामो समय देखी काम गर्ने करारका कर्मचारीहरुलाई अवकाश पश्चात रु. एक लाखका साथमा सम्मान गर्ने कार्यक्रम निरन्तर चलिरहेको छ ।

सभाका सदस्य ज्यूहरु,

माथि उल्लेखित नीतिगत उदेश्य, प्राथमिकता, विधि तथा पद्धतीको आधारमा यस गाउँपालिकाबाट आगामी आर्थिक बर्ष २०८०/०८१ मा कार्यन्वयन गरिने बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास तर्फ

### क. शिक्षा

१. "व्यवहारमा काम आउने शिक्षा पालिकाको ईच्छा" भन्ने मुल नाराका साथ शिक्षा सहकारीको माध्यमबाट शिक्षा क्षेत्रको सुधार गरी अगाडी बढिने नीति लिइने छ ।

२. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

३. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

४. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

५. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

६. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

७. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

८. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

९. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

११. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१३. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१४. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) व्यवस्थित गरिनेछ।

१५. सामुदायिक विधालयका शिक्षक विधार्थी अनुपातलाई मध्यनजर गरी विधालय मर्चको नीतिलाई लागु गरी विषयगत दरबन्दी मिलान गरिनेछ ।

१६. सिटिई भीटी बाट सम्वन्धन प्राप्त प्राविधिक धारबाट पठनपाठन गराइरहेका विधालयहरुलाई थप व्यवस्थित गर्दै अन्य विधालयहरुलाई पनि प्राविधिक शिक्षा तर्फ उन्मुख गराइनेछ ।

१७. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विधमान परिक्षा प्रणालीमा सुधार गरी व्यवस्थित र वैज्ञानिक परिक्षा प्रणाली लागु गरिनेछ ।

१८. गाउँपालिका भित्रै कक्षा १२ को परिक्षा सञ्चालनका लागि आवश्यक पहल गरी कम्तिमा एउटा परिक्षा केन्द्र सञ्चालनमा ल्याइनेछ ।

१९. विधार्थी “टिकाउने र सिकाउने” नीति अनुरुप दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरी विधालयमै स्वास्थ्यवर्द्धक र स्थानीय उत्पादित खानेकुरालाई प्राथमिकता दिई सबै सामुदायिक विधालयहरुमा एकरुपताका साथ लागु गरिनेछ । साथै नगदै वितरण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

२०. निशुल्क वितरण गरिने पाठ्यपुस्तक समयमै वितरण गर्न विशेष जोड दिइनेछ ।

२१. नमुना विद्यालयको क्षमता वृदि गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२२. प्राविधिक शिक्षा तथा सक्षम, सवल र दक्ष जनशक्ति उत्पादनका लागि आवश्यकता अनुसार तालिम केन्द्र तथा पोलिटेक्निक्स ईस्न्टिचिउट खोली सञ्चालन गर्न पहल गरिने छ ।

**ख. सांस्कृतिक, धार्मिक तथा पर्यटन तर्फ**

१। श्री चम्पादेवी ककनीलाई विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न आवश्यक पहल गरिने छ।

२. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

३. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

४. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

५. गाँउपालिका भित्र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न प्याराग्लाइडिङ तथा होमस्टेलाई व्यवस्थित गरि पर्यटन प्रर्बद्धनको विकास गरिने छ ।

६. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्द्धन कार्यलाई अगाडी बढाई पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय नागरिकलाई प्राथामिकता दिईनेछ ।

७. प्रदेश सरकार र गाँउपालिकाको साझेदारीमा चम्पादेवी ककनी, कल्पेश्वर महादेव, तीनतले, मालिङ्गे, तालखर्क, पलापु भिमेश्वर, कवासे थुम्का, गोल्मादेवी, थामडाडा, महारुद्रेश्वर, थामचुरी ककनी, बनझाक्री गुफा, चमेरे गुफा लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

८. गाउँपालिका भित्रका उच्च स्थानमा (पार्क, पिकनिक स्पोर्टस, होमस्टे समेतको) विकासका लागि जोड दिईनेछ ।

९. चम्पादेवी १० रानीवनको पोखरी झञ्ज्याङको पोखरीलाई थप व्यवस्थीत वनाई आन्तरीक तथा बाहय पर्यटन प्रवर्द्धनमा जोड दिइने छ ।

१०. सुनकोशी नदीदेखि उच्च पहाडको तिर्थस्थल, दोस्रो मानसरोवर दूधकुण्डको बीचमा रहेको धार्मिक तिर्थस्थल श्री चम्पादेवी ककनी मन्दिर तथा कल्पेश्वर महादेव विराट शिवजीको मुर्तिलाई जिल्लाकै नमूना र ठूलो धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न साझेदारी कार्यक्रम मार्फत अघी बढिने छ ।

११. जातीय भेषभुषा, धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धनका लागि पञ्चेवाजा, ढासी नाच, तामाङ सेलो, वालनभजन जस्ता लोपुन्मुख संस्कृतिहरुको जगेर्ना गर्ने नीति ल्याइने छ ।

१२. गाउँपालिकाका विभिन्न मनोरम स्थल, चोक, पोखरी, ढुंगेधारा तथा पानीको मुहानहरुको संरक्षण र सम्बर्द्धन गरी प्राकृतिक सम्पदाको संरक्षण गरिनेछ ।

१३. गाउँपालिका भित्रका विभिन्न मठ मन्दिर, चैत्य, गुम्बाहरुको संरक्षण गरिनेछ ।

१४. चम्पादेवी गाउँपालिका वडा नं. ९ स्थीत तामाखानीलाई आवश्यक अनुसन्धानको लागि पहल गरिने छ ।

१५. कोशी प्रदेश कै चम्पादेवी गाउँपालिकामा मात्र बसोबास गर्ने बादी जातीको पूर्ख्यौली पेशा मादल बनाउने पेशालाई थप प्रोत्साहन गर्दै अन्य जीविकोपार्जनका विशेष कार्यक्रमहरु लागु गरिने छ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाउने नीति लिइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. “एक वडा, एक व्यायामशाला” को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

७. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

८. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. टोल विकास संस्थाहरु गठन गरी विकासका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ।
५. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गर्न पहल गरिनेछ।
६. ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।
७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापनाको नीति लिइनेछ।
८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
९. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
१०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
११. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१२. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१३. प्रत्येक वडामा वाल क्लव गठन गरि पालिका स्तरीय वाल संजाल स्थापन गरिने छ।
१४. लक्षित वर्गको अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्र सँग सहकार्य गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
१५. बहु-विवाह तथा वाल विवाह, वोक्सी, जातीय विभेद लागयतका सामाजिक कुरीति र अन्धविश्वासको नियन्त्रण गरिने छ।
१६. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरीनेछ।
१७. गाउँपालिका क्षेत्र भित्रका असहाय, अनाथ, सुस्त मनस्थीति तथा संरक्षक विहिन बालबालीकाहरुको पहिचान गरि उनीहरुको संरक्षणको लागि कार्यविधि बनाई कार्यन्वयनमा ल्याइने छ।
१८. वालविवाह न्युनिकरणका लागि आवश्यक पहल कदमीका विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

१९. लैंगिक हिंसा, यौन हिंसा तथा मानव बेचविखन तथा ओसापसार विरुद्ध सचेतना अभियान चलाइनुका साथै दोषीलाई कार्वाहीको दायारमा ल्याउन आवश्यक पहल गरिने छ ।

२०. पूर्ण अपाङग भएका व्यक्तिहरुको पहिचान गरि विशेष कार्यक्रम मार्फत उनीहरुलाई पुनस्थापना गर्ने कार्य अगाडी बढाइने छ ।

२१. बालमैत्री स्थानीय शासनको नीति ल्याइने छ ।

२२. जेष्ठ नागरिकहरुको मनोरञ्जन तथा अनुभव आदन प्रदानका लागि दिवा सेवा केन्द्र खोली संचालनमा ल्याइने र केन्द्रमा रहने जेष्ठ नागरिकहरुको नि शुल्क स्वास्थ्य परिक्षण गर्ने नीति ल्याइने छ ।

२३. महिला तथा वालवालिकासँग सम्बन्धित कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।

२४. बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

२५. अल्पसंख्यक पिछडीएको वर्ग, आदिवासी जनजाती, खसआर्य, दशनामी लगायतका भुमिपुत्रहरुको पराम्परागत सस्कृतिलाई जगेर्ना गर्ने कार्यक्रम लागु गरिने छ ।

## ङ. स्वास्थ्य तर्फ

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित मासिक रुपमा स्वास्थ परिक्षण गर्ने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउन पहल गरिनेछ।

५. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान छुट सहितको एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१०. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

११. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत आमा र बच्चाको स्वास्थ्यलाई मध्यनजर गरी एक वार्ड एक बर्थिङ सेन्टर स्थापना गर्न सम्बन्धित सवै पक्षहरुको समन्वयमा क्रमिक रुपमा सवै वडामा सेवा सुचारु गर्दै लगिनेछ ।

१३. सस्तो र गुणस्तरीय औषधीका लागि गाउँपालिका फार्मेसी संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा स्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन पहल गरिनेछ। साथै सामुदायिक स्वास्थ्य इकाई स्थापना भएका वडाहरुमा आवश्यक जनशक्ति तथा औषधीको व्यवस्थापन गराई स्वास्थ्य सेवालाई आम नागरिकको पहुँचमा पुऱ्याइने छ।

१५. उमेरको हदको कारण स्वयमसेविका पदबाट अवकाश प्राप्त गर्ने व्यक्तिलाई एकमुष्ट प्रोत्साहन रकम प्रदान गर्ने व्यवस्था र महिला स्वास्थ्य स्वयमसेविकालाई दिईने प्रोत्साहन भत्तालाई अझ व्यवस्थित गरि निरन्तरता दिइने छ।

१६. प्राणघातक रोग क्यान्सर, मुटुको रोग, मृगौला प्रत्यारोपण र मेरुदण्डको समस्याका विरामीलाई गाउँपालिकाको नियमानुसार सहयोगलाई निरन्तरता दिईनेछ।

१७. नेपाल सरकारले घोषणा गरे अनुसार प्राणघातक दिर्ग रोग क्यान्सर, मृगौला प्रत्यारोपण, मृगौला डाइलसिस र मेरुदण्ड प्यारालाइसिस भएका विरामीहरुको तथ्यांक संकलन गरि अभिलेख राख्नुको साथै उपलब्ध रकम विरामीको घर दैलो सम्म पुर्‍उने व्यवस्था गरिने छ।

१८. चालु आ. ब. मा पनि सुत्केरी भेट कार्यक्रमलाई आमा समूह मार्फत निरन्तरता दिइने छ।

१९. स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने निःशुल्क औषधि तथा अन्य सामाग्रीको उचित व्यवस्थापन मिलाइने छ।

२०. स्वास्थ्यकर्मीलाइ दैनिक कामकाज गर्न क्षमता अभिबृद्धि हुने तालिम तथा गोष्ठीको उचित व्यवस्था मिलाइने छ।

२१. रिक्त दरबन्दिमा कर्मचारी पदपुर्ति गरि नियमित स्वास्थ्य सेवा प्रदान गरिने छ।

२२. सबै स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर प्रणालीबाट अभिलेख तथा प्रतिवेदन गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ।

२३. पालिका स्तरीय अस्पताल रानीवनबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

२४. देशका कर्णधार कलिला बालबालिका तथा गर्भवती आमाको स्वास्थ्यलाई मध्यनजर गरि गर्भवति आमालाई पोष्टिक आहारको रुपमा अण्डा वितरण कार्यक्रमलाई पूर्नविचार गरी पोषणका अन्य कार्यक्रमहरु सञ्चालन द्वारा आमा र बच्चाको स्वास्थ्यमा सुदृढ गरिनेछ ।

२५. गर्भवती महिला जटिलता भई गाउँपालिका बाहिर उपचार गर्न लानुपर्ने भएमा निशुल्क एम्बुलेन्सको व्यवस्थापन गरिने छ ।

२६. सम्मुनत चम्पादेवी निर्माणमा सुपोषित बालबालिका कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।

## २. आर्थिक विकास तर्फ

### क. उद्योग

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

६. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

### ख. कृषि तथा पशुपंक्षी

१. “किसान दाई उत्पादन देउ मलाई” भन्ने नाराका साथ कृषकले उत्पादन गरेका कृषि उत्पादन सहकारी मार्फत गाउँपालिकाले जिम्मा लिने नीति लिइने छ ।

२. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

३. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ।

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणमा आवश्यक पहल गरिनेछ।

६. पशु पंक्षिहरुको विमा गरि पशुपालन र कृषिमा विषेश प्राथमिकताका साथ अनुदानको व्यवस्था गरि कृषकहरुलाइ हौसला स्वरुप व्यवसायिक खेती गर्ने कृषकका लागि मल, विउ किटनाषक औषधी तथा प्राविधिक सेवा निशुल्क व्यवस्था गरिने छ।

७. गाउपालिका भित्र एक चिस्यान केन्द्र स्थापन गर्न आवश्यक पहल गरिने छ।

८. चम्पादेवी गाउँपालिका वडा नं. १ कफि र कागती पकेट क्षेत्र २ लाई केरा र भुइकटहर पकेट क्षेत्र, ३ लाई धान आलु र फलफूल पकेट क्षेत्र ४ लाई मकै पकेट क्षेत्र, ५ लाई आलु पकेट क्षेत्र, ६ र ७ लाई कागती सुन्तला ८ र ९ लाई आलु तथा तरकारी पकेट क्षेत्र, १० लाई कागती सुन्तला पकेट क्षेत्रको रुपमा विकास गरिने छ।

९. पशुपालन पकेट क्षेत्रको रुपमा ताल खर्क क्षेत्रलाई विकास गरिनेछ।

१०. अर्गानिक कृषि वस्तु उत्पादनलाई बढुवा दिइने छ।

११. रासायनिक मल र विषादीको प्रयोगलाई दुरुत्साहीत गरि प्राङगारिक मल र जैविक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहीत गरिने छ।

१२. कृषकहरुबाट उत्पादीत फलफूल तरकारी तथा अन्य नगदे बालीहरुको बजारीकरणको सहजिकरण गर्न गाउँपालिकाभित्र एउटा विक्रि कक्ष स्थापना गरिने छ।

१३. चम्पादेवी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रणालीको विकास गर्न चम्पादेवी गाँउपालिका भु उपयोग नीति अवलम्बन गर्दै यस क्षेत्रमा बसोबास गर्ने युवा, लक्षित वर्ग लगायत सम्पुर्ण नागरिकहरुमा आम्दानीको मुख्य स्रोत कृषिलाई अबलम्बन गराउदै लगिनेछ।

१४. मौरीपालन, बाख्रापालन, माछा पालन र बेमौसमी तरकारी खेतीलाई प्रोत्साहित गरिने छ। व्यवसायिक कृषि फार्मलाई प्रोत्साहित गरिने छ।

१५. स्थानीय रैथाने जातको बाली तथा पशु संरक्षण कार्यलाई जोड दिइनेछ।

१६. सम्भाविवत पशु रोगको रोकथाम तथा उपचारलाई प्रभावकारी बनाई पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धाण गरीने छ।

१७. घाँसबाली लगाउने कार्यलाई प्रोत्साहीत गरिने छ र उन्नत जातका पशुपालन गर्ने लाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाईने छ।

१८. माटो परिक्षणको कार्यलाई अगाडी बढाइदिने छ।

१९. एकल महिला तथा यूवा लक्षित कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाइ बेरोजगारी समस्या समाधान गर्ने कृषि नीति ल्याइने छ ।

२०. व्यवसायिक कृषि क्षेत्रको उत्पादन लागतमा कमि र उत्पादकत्व बृद्धिका लागि हाते ट्याक्टर तथा फलफूल खेतीको खाल्डो खन्ने मेसिन खरिद गरि आवश्यकताका आधारमा प्राथमिकीकरण गरी वितरण गरिने छ ।

२१. कृषिजन्य उत्पादन सामाग्रीहरु प्रदर्शन गर्न तथा उत्कृष्ट कृषकहरुको सम्मान/पुरस्कृत गर्न कृषि प्रदर्शनी/मेलाको आयोजनाको लागि प्रोत्साहीत गरिनेछ ।

२२. स्थानीय व्यवसायीक तरकारी, फलफूल उत्पादन र पोषण सुनिश्चित सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने जस अन्तर्गत व्यवसायिक तरकारी, फलफूल उत्पादन सम्बन्धी तालिम, फलफूल विरुवा उत्पादन तथा खरिद गरी वितरण, फलफूल संकलन केन्द्र स्थापना/जुस उत्पादन तथा विक्री केन्द्र स्थापना र संचालन गरिनेछ ।

२३. व्यवसायिक पशुपालन अन्तर्गत बाखापालन, गाई, भैसी, बंगुर पालन कार्यमा संलग्न कृषकहरुलाई तालिम, उन्नत जातका बोका, राँगा वितरणको नीति ल्याई पशुपालन कार्यलाई व्यवसायिक तथा आय आर्जनको मुख्य स्रोतको विकासमा जोड दिइनेछ ।

२४. कृषकहरुले उत्पादन गरेका वस्तुहरुलाई उपभोक्ताको पहुच सम्म पुर्याई बजारीकरण गर्न पालिका भित्र कम्तीमा तीन वटा हाटबजार केन्द्र स्थापना गरिनेछ ।

२५. व्यवसायिक फलफूल खेती र व्यवसायिक निजी वन विकास र विस्तारका लागि एक वडा एक नर्सरी स्थापनाको नीति लिइनेछ ।

२६. गाउँपालिका भित्रका दुग्ध व्यवसायीलाई प्रोत्साहनको नीति लिइने छ।

२७. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनालाई कार्यन्वयन गरिनेछ ।

## ग. सहकारी तथा संघ संस्था

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

२. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

३. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

४. चम्पादेवी गाउँपालिका क्षेत्रमा रहेका गैर-सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

५. कृषक हित वचत तथा रिन सहकारी संचालनमा जोड दिइने छ ।

## ३. सूचना तथा संचार

१. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

४. गाँउपालिकामा भए गरेका सूचना तथा गतिविधिहरुलाई विद्युतिय माध्यमबाट सम्प्रेसन गरिने नीति अवलम्बनका लागी आवश्य बजेटको व्यवस्था गरिने छ ।

५. बिकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई संचार माध्यम मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

६. अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गरिनेछ । गाउँपालिका र सबै वडा कार्यालहरुमा इन्टरनेटको व्यवस्था गरिनेछ ।

७. गाउँपालिकामा पुस्ताकालयको स्थापना गरिने छ ।

८. गाउँपालिका भित्र भैरहेको इन्टरनेटको समस्यालाई दिर्घकालिन समाधानका लागि फाइवर नेट लाई सबै सरकारी कार्यालय सम्म आ ब २०८०/०८१ भित्र पुर्याउने लक्ष्य लिइएको छ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशनलाई थप व्यवस्थित गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

## ५. सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास तर्फ

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी प्रदेश सरकारको सहकार्यमा नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३. प्रत्येक त्रैमासिक रुपमा आय/व्ययको मास्केवारी गाउँपालिकाको वेवसाइटमा प्रकाशित गरिनेछ ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गर्ने नीति लिइनेछ ।

१०. गाउँ प्रहरी कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी पदपूर्ति गर्ने नीति लिइनेछ।

११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१३. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१४. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१६. गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका कार्यक्रमलाई थप व्यवस्थीत गर्दै लगिने छ।

१७. वैदेशी रोजगारीमा जाने यूवायूवतीका लागि जनचेतना अभिबृद्धि तथा अभिमुखीकरण तालिम र सीपमूलक तालिम प्रदान गर्नुको साथै वित्तिय संस्थाहरु सँग समन्वय गरी सस्तो व्याजमा रिन सुविधा उपलब्ध गराउन पहल गरिनेछ।

१८. परामर्श तथा रोजगार सेवा इकाई सञ्चालनमा ल्याइनेछ।

१९. पालिका भित्रका विभिन्न विषयका विज्ञहरुको नामावली संकलन गरी विज्ञ समूह निर्माण गरिने छ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ

### क. **खानेपानी तथा सरसफाई**

१. गाउँपालिकाका सवै क्षेत्रमा स्वच्छ खानेपानीको उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने छ।

२. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

८. घर-घरमा पालिएका कुकुरहरुको दिशा पिसाबजन्य फोहोर सम्बन्धित कुकुर धनिले घर भित्रै व्यवस्थापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।

९. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१०. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

११. सुरक्षित खानेपानी व्यवस्थापनका लागि सहि मुल छनौट गरी एक घर एक धारा बृहत खानेपानी परियोजना सम्पन्न भएका ठाउँमा स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको संरक्षण संबर्द्धन गर्न सोही समुदायलाई उत्तरदायी बनाउदै लगिने छ।

## ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षणमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. सार्वजनिक तथा निजी साझेदारीमा फोहोर मैला प्रशोधन केन्द्र निर्माण गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सम्बेदनशील क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ

१३. विपद न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि गाउँपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद व्यवस्थापन कोषको परिचालनको माध्यम बाट विपद व्यवस्थापन कार्यविधी, २०७८ अनुसार तत्काल उद्धार गर्ने व्यवस्था गरिने छ ।

## ७. भौतिक पूर्वाधार विकास तर्फ

१. आवधिक योजनामा निर्दिष्ट गरे बमोजिम पूर्वधार विकास गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

८. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

९. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१०. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

११. “एक वडा-एक पार्क” निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१२. गाउँपालिका भित्र बसपार्कलाई व्यवस्थित गर्ने नीति लिइनेछ।

१३. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१४. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१५. विलन्दु, चित्रे, ढडढडे, पोकली झर्ना जाने मोटरबाटो निर्माण कार्य अगाडी बढाइने छ।

१६. डाकघर, खराने डाडा, ककनी साथै भाँगे, पुनटार हुदै घाडसाड जोडिने मोटर बाटो निर्माण कार्य निरन्तर अगाडी बढाइनेछ।

१७. निर्माणधिन अवस्थामा रहेका गाउपालिका भरिका १० वटै वडा जोडने रिङ्ग रोड सम्पन्न गरि प्रत्येक वडा पुग्ने यातायात सेवा संचालन गरिने छ।

१८. वडा नं. ६ मा रहेको थामडाडा शुसिलपार्क, वडा नं. २ मा रहेको थामडाडालाई गोल्मादेवी पार्क, वडा नं. ५ मा रहेको मालिङ्गे डाडा पार्क, वडा नं ९ को गायन्त्रादेवी पार्क तयार भैसकेको डि पि आर अनुसार निर्माण कार्य संघिय सरकार तथा प्रदेश सरकार सँग साझेदारी गरि अगाडी बढाइने छ।

१९. प्रत्येक वडामा सार्वजनिक शौचालय तथा घाटालय निर्माण कार्यलाई निरन्तरता दिइने छ।

२०. गाउँपालिका केन्द्र सवै वडा कार्यालयहरुको केन्द्र र गाउँपालिकाका मुख्य व्यापारीक केन्द्र सम्म जोडने सडकलाई बाह्रै महिना संचालनमा आउने गरि स्तरउन्नती गर्न प्राथमिकता दिइने छ।

२१. दिगो विकास गर्न विभिन्न योजनाको लागि आवश्यक डि.पि.आर तथा आइ.इ.इ. प्रक्रियालाई निरन्तरता दिइने छ ।

२२. गाउँपालिका बाट गाउँपालिका भित्रका मुख्य बजार जोड्ने बाटोलाई कालोपत्रेको अवधारणा लिइने छ । साथै मोटरएबल पुलको अवधारणा लिइने छ ।

२३. गाउँपालिका र वडाको प्रशासकीय भवन व्यवस्थापनको लागि उचित पहल गरिने छ ।

२४. राष्ट्रिय प्रसारण लाइन विस्तारलाई प्रत्येक नागरिकको घरवस्ती सम्म पुर्‍याउन आवश्यक कदम चालिनेछ ।

२५. नमुना कार्य गर्ने उपभोक्ता समितिलाइ सम्मानको नीति अवलम्बन गरिने छ ।

२६. खेलकुद क्षेत्रको विकासका लागी तयार गरिएमा मुख्य खेलमैदानहरुलाई रंगशालाको रुपमा विकास गरिनुका साथै एक वडा एक खेलकुद मैदान निर्माणको अवधारणालाई निरन्तरता दिइने छ ।

२७. चम्पादेवी गा.पा. १, २, ६ र ८ लाई एकिकृत वस्ती विकास गरिदै लगिने छ ।

२८. कल्पेश्वर महादेव थान माथी थाम डाडा प्याराफिट पदमार्गमा महादेव को मुर्ती निर्माण कार्य संघ र प्रदेश सरकार सँगको साझेदारीमा सम्पन्न गरिनेछ ।

२९. वडा नं ६ र वडा नं ३ जोडने मोटरेवल पुल तथा प्रत्येक वडाको नाका जोडने खोलाहरुमा कजवे निर्माण गरि यातायात सुचारु कार्य सहज बनाइनेछ ।

३०. चम्पादेवी ३ भर्‍याङ्ग हुदै रामेछाप ४ फ्यामे जोडने मोटरेवल पुल निर्माणमा जोड दिइने छ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत तर्फ

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

६. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु**,

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि अवलम्बन गरेको नीति तथा कार्यक्रममा समेटिएका बिषयहरुको कार्यान्वयन गर्न सके मात्र त्यसले सार्थकता पाउछ । राज्यको संघिय अवधारणा अनुरुप गठित ऐतिहासिक स्थानिय सरकार प्रति आम चम्पादेवी गाउँपालिका बासी जनताको विकास र परिवर्तनको उत्कण्ठ इच्छालाई पूरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । चम्पादेवी गाँउपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरीक सामाज, आम सञ्चारजगत लगायत सम्पुर्ण दिदि बहिनि तथा दाजुभाइहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत आ.व २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सवै पक्षको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु । यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्वताहरु आगामी बजेटबाट सम्बोधन हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यन्वयनका लागि जनप्रतिनिधि, राजनैतिकदलका प्रतिनिधि, कर्मचारी, निजी क्षेत्र संघ संस्था, बुद्धिजीवि वर्ग, पत्रकार लगायत सबै सरोकारवाला महानुभावहरु सहित सम्पूर्ण गाउँबासीहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**

**१० आषाढ, २०८०**

**नवराज के.सी.**
**गाउँपालिका अध्यक्ष**